प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, मोरङ्ग

कोशी प्रदेश, विराटनगर

सूचना नं.: ५/२०८०/८१

## हाईब्रिड मकै खेती क्षेत्र विस्तार तथा चैते धान बिषेश सहयोग कार्यक्रममा सहभागी हुने बारे सूचना !

प्रथम पटक सूचना प्रकाशित मिति- २०८०/०८/२२

कृषि ज्ञान केन्द्र मोरङ्गको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ तथा नियमावली र मापदण्ड २०७८** बमोजिमका शर्तहरु पालना गरी तपसिलका कार्यक्रम कार्यान्वयनका लागि मोरङ्ग जिल्ला अन्तर्गतका ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र(२०८०/०९/१२ गते सम्म) तोकिएको ढाँचामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ। साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन। थप जानकारीको लागि यस कार्यालयको फोन नं.०२१-५९०८५२/५९०८५३ र सूचना अधिकारीको मो.नं.९८५२०८५०५३ मा कार्यालय समय भित्र सम्पर्क राख्न हुन वा उद्योग, कृषि तथा सहकारी मन्त्रालयको वेभसाईट www.moiac.koshi.gov.np बाट कार्यक्रम सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नुहुनेछ ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य | उपलब्ध हुने प्रोत्साहन रकम रु. | आवेदन पेश गर्न पाउने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | हाईब्रिड मकै खेती विस्तार आयोजना (क्षेत्र विस्तार) | ४०० हेक्टर | प्रति हेक्टर पन्ध्र हजार (प्रति कट्ठा पाचँ सय) | धनपालथान गाउँपालिका वडा नं.५ र ६<br>जहदा गाउँपालिका वडा नं.३<br>कटहरी गाउँपालिका वडा नं.४<br>ग्रामथान गाउँपालिका वडा नं.१,५,६ र ७<br>बुढिगंगा गाउँपालिका वडा नं.६ र ७<br>कानेपोखरी गाउँपालिका वडा नं.२ र ३<br>रंगेली नगरपालिका वडा नं.१,३,८ र ९<br>सुनवर्षी नगरपालिका वडा नं.३,६,७ र ९<br>रतुवामाई नगरपालिका वडा नं.१,३ र ४<br>बेलबारी नगरपालिका वडा नं.४<br>सुन्दरहरैंचा नगरपालिका वडा नं.५ र ६ | प्रति स्थानिय तह/वडा न्यूनतम २० हेक्टर क्षेत्रफल मा क्षेत्र बिस्तार हुनुपर्नेछ । |
| २ | चैते धान बिषेश सहयोग कार्यक्रम | २०० हेक्टर | प्रति हेक्टर पन्ध्र हजार (प्रति कट्ठा पाचँ सय) | कानेपोखरी गाउँपालिका वडा नं.३<br>रंगेली नगरपालिका वडा नं. ६<br>सुनवर्षी नगरपालिका वडा नं.१,४,५ र ९<br>रतुवामाई नगरपालिका वडा नं. ४ र ५<br>उर्लावारी नगरपालिका वडा नं.१,८ र ९<br>बेलबारी नगरपालिका वडा नं.५ र ९<br>सुन्दरहरैंचा नगरपालिका वडा नं.२ र ३<br>पथरी श. नगरपालिका वडा नं.९ र १० | |

निमित्त प्रमुख

इमेल ठेगाना: akcmorang@gmail.com, फोन नं. : ०२१-५९०८५२, ५९०८५३

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, मोरङ्ग
कोशी प्रदेश, विराटनगर

आवेदनका साथ पेश गर्नु पर्ने कागजातहरु:

- रु. १०/- को हुलाक टिकट टाँस गरि तोकिएको अनुसूची-२ अनुसारको आवेदन फारम र अनुसूची-३ बमोजिमको संक्षिप्त विवरण फारम ।
- व्यक्तिगत कृषक र कृषक समुह/कृषि सहकारी/ संस्थामा आवद्ध कृषकहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- सम्बन्धित निकायमा कृषक समुह/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/ कृषि उद्यमी/कृषि फर्म/ कम्पनी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
- संस्थाको हकमा कार्यक्रम माग गर्ने सम्बन्धि निर्णयको प्रतिलिपी साथै निवेदन पेश गर्ने व्यक्तिको अख्तियारीको निर्णय।
- सम्बन्धित स्थानीय तह वडा वा कृषि शाखाको सिफारिस पत्र।
- कृषक/समुह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- समुह/संस्थाको गत आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्र प्रतिलिपि।
- कृषि सहकारी/निजी उद्यमी/कम्पनीहरुको हकमा आ.व. २०७९/०८० को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि।
- आवेदकले चालु आर्थिक वर्षमा दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्व: घोषणा पत्र।
- कार्यक्रम संचालन हुने जग्गाको स्वामित्व खुल्ने जग्गा धनीपूर्जा प्रतिलिपी वा जग्गा भाडामा लिइ खेति गरिएको भए कम्तिमा ५ वर्षको करारनामा गरेको कागजात वा सार्वजनिक जग्गा भए स्थानिय तह वडाको सिफारिस पत्र ।
- व्यक्तिगत कृषक रु.१००/-, संस्थागत (समुह, सहकारी, निजी फर्म, समिति आदि) ले प्रति आवेदन दस्तुर रु. २००/- कृषि ज्ञान केन्द्र मोरङ्गको खाता नं. १०००१००२०१०१०००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३१२०११३०३१, राष्ट्रिय वाणिज्य बैंक, विराटनगरमा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्ने छ।

नोट: माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढाँचा (अनुसुची-२ र ३) कृषि ज्ञान केन्द्र, मोरङ्ग र स्थानिय तहको कृषि बिकास शाखाबाट प्राप्त गर्न सक्नुहुनेछ।

निमित्त प्रमुख

इमेल ठेगाना: akcmorang@gmail.com, फोन नं. : ०२१-५९०८५२, ५९०८५३